FIFA WORLD CUP RUSSIA 2018




# ग्रिजम्यानले फ्रान्सलाई सेमिफाइनल पुऱ्याए

मस्को, (एजेन्सी)

रुसमा जारी विश्वकपमा अर्को जित हात पारेर फ्रान्स दोस्रो विश्वकप उपाधि जित्ने अभियानमा अगाडि बढेको छ।

रुसमा जारी विश्वकपअन्तर्गत पहिलो क्वार्टरफाइनल खेलमा फ्रान्सले दुईपटकको विश्व च्याम्पियन उरुग्वेलाई २-० ले हरायो। योसँगै फ्रान्स सेमिफाइनलमा पुगेको छ भने उरुग्वेको यसपटको विश्वकप यात्रा क्वार्टरफाइनलसम्म रह्यो। १९९८ मा घरमै भएको विश्वकप जितेको फ्रान्स २००६ विश्वकपमा रनरअप भएको थियो। तर उरुग्वे भने १९३० र १९५० विश्वकप जितेपछि विश्वकप फाइनलमा पुग्न सकेको छैन।

फ्रान्सको जितमा एन्टोइन ग्रिजम्यानको भूमिका प्रमुख रह्यो। ४०औं मिनेटमा ग्रिजम्यानले गरेको फ्रिकिक प्रहारमा राफाइल भरानेले हेडमार्फत् गोलको दिशा दिएका थिए। अर्को गोल ग्रिजम्यान आफैंले गरे। उनले ६१औं मिनेटमा करिब २५ यार्डबाट गरेको कडा प्रहारको बललाई उरुग्वेका गोलकिपरले राम्ररी पन्च गर्न सकेनन्। बल बाहिर जानुको सट्टा जालीभित्र पसेको थियो। फ्रेन्च स्ट्राइकरको यो जारी विश्वकपमा व्यक्तिगत तेस्रो गोल हो।

उता उरुग्वेले विश्वकपमा पहिलो गोल बेहोरेर पुनरागमन एक पटक मात्रै गरेको छ। १९६६ विश्वकपमा उरुग्वे १-० ले पछि परेर फ्रान्सलाई २-१ ले हराएको थियो। हिजो पनि निज्नी स्टेडियममा शुरूआतमा गोल गर्ने मौका गुमाएपछि उरुग्वेका लागि दुर्भाग्य बनेको थियो। साथै पोर्चुगलविरुद्ध सानदार दुई गोल गरेको इडिसन काभानी चोट बेहोरेर खेल्न नसक्दा पनि उरुग्वेको एट्याकिङ कमजोर बनेको थियो। उनको अनुपस्थितमा बार्सिलोनाका स्टार खेलाडी लुइस सुआरेजले पनि फ्रान्सको डिफेन्स खलबल गर्न सकेनन्।



ग्रिजम्यान विश्वकपको नकआउट चरणमा गोल र एसिस्ट गर्ने २००६ पछिका पहिलो फ्रेन्च खेलाडी बनेका छन्। जर्मनीमा भएको उक्त विश्वपकपमा प्याट्रिक भिइराले स्पेनविरूद्ध एक गोल र एक एसिस्ट गरेका थिए।

## प्लेयर्स टु वाच

## लुका मोड्रिच

(क्रोएशिया)

क्रोएसियाली मिडफिल्डको प्रमुख खेलाडी हुन् लुका मोड्रिच। जारी विश्वकपमा उनको सऱ्हानीय प्रदर्शनका कारण क्रोएसियाले उत्कृष्ट नतिजा आत्मसात गरिरहेको छ। जारी विश्वकपमा उनले आफ्नो नाममा २ गोलसमेत गरिसकेका छन्। यो संख्या अझै बढ्न सक्नेछ। उनी सेन्ट्रल मिडफिल्डर हुन्, तर डिफेन्सिभ र अट्याकिङ मिडफिल्डरको भूमिका निभाउनसमेत पोख्त छन्। समूह चरण र अन्तिम १६ मा गरी पछिल्ला ४ वटै खेलमा क्रोएसियाले जितको नतिजा निकाल्दा मिडफिल्डमा उनको भूमिका तारिफयोग्य बनेको थियो। सन् २०१२ देखि रियल मेड्रिडमा आबद्ध ३२ वर्षीय मोड्रिचले रियलबाट १ सय ६६ खेलमा ९ गोलसमेत गरेका छन्। सन् २००६ देखि क्रोएसियाको राष्ट्रिय टोलीमा अटाउँदै आएका मोड्रिचले १ सय ९ खेलमा १४ गोल गरेका छन्।






# गुफामा फसेकालाई फिफाको निमन्त्रणा



लन्डन, (एजेन्सी)

फिफाका अध्यक्ष जियानी इन्फेटिनोले थाइल्यान्डको गुफामा फसेका बच्चाहरू र उनका कोचलाई विश्वकप फाइनल हेर्न निमन्त्रणा दिएका छन्। इन्फेटिनोले १५ जुलाईसम्म बाढीको पानी कम भएर फुटबल टिम बाहिर निस्कने आशा गरेका छन्। इन्फेटिनोले बताए-वाइल्ड बोअर्सको टिमका खेलाडीलाई बचाउने छ र १५ जुलाईमा मस्कोमा हुने फाइनलमा उनीहरू उपस्थित हुनेछन्।

उनले थाइल्यान्डका फुटबल संघका प्रमुखलाई पठाएको पत्रमा लेखिएको थिया- 'हामीलाई अपेक्षा छ कि छिटै उनीहरू आफ्नो परिवारसँग मिल्नेछन्। यदि उनीहरूको स्वास्थ्य यात्रा गर्न सकिने अवस्था भएमा म उनीहरूलाई २०१८ विश्वकप फाइनलमा पाहुनाको रूपमा निमन्त्रणा गरेर खुशी हुनेछु।'


थाइल्यान्डका ११ देखि १६ वर्षका फुटबल खेलाडी २३ जुनदेखि आफ्ना कोचसँग अध्याँरो गुफामा फसिरहेका छन्। हराएको ९ दिनपछि ब्रिटेनका डाइभरहरूले उनीहरूको स्थान पत्ता लगाएका हुन्। बच्चाहरूको भिडियो जारी पनि गरिसकेको छ। र उनीहरू हाँसिरहेको तस्वीर पनि संसारभर फैलिएको छ। उनीहरू बाँचेको खबरले ९ दिनसम्म दुःखित भएका उनका परिवार खुशीले पागल भएका थिए।

## टि ट् स वि ट् स

### मेसीको नक्कल गर्दा निधन

नयाँ दिल्ली, (एजेन्सी)

लियोनेल मेसीको शैली नक्कल गर्ने क्रममा एक फुटबलर सागर दासको निधन भएको छ। जुनबेला घटना भयो त्यतिबेला २० वर्षीय सागर स्थानीय फुटबल खेलिरहेका थिए। सागर मेसीका बडा फ्यान्स थिए। उनी मेसीलाई आदर्श मान्थे। उनी मेसीजस्तै बन्ने चाहना थियो तर अफशोच उनको सपना पुरा हुन सकेन।



भारतीय सञ्चार माध्यमले जनाएअनुसार मेसीले नाइजेरियाविरुद्ध गोल गरेको शैली सागरले अपनाएका थिए। मेसीले जसरी बल छातीमा लिएर विश्वकपमा पहिलो गोल गरेका थिए। त्यहीअनुसार उनले पनि त्यही मुभलाई कोसिस गर्दा सन्तुलित भएन र फुटबल उनको छातीमा लाग्यो। उनी त्यही बेहोस भए। अस्पतालमा छिटै लगे पनि उनको श्वास समाप्त भइसकेको थियो।



उरूग्वेका गोलकिपर फर्नान्डो मुस्लेराले ग्रिजम्यानको प्रहार रोक्न कन्जुस्याइँ गर्दा टोलीले दोस्रो गोल बेहोर्नुपर्‍यो।

# मेसीको आलोचनामा डिभोर्स

मस्को, (एजेन्सी)

रुसमा जारी विश्वकपबाट अर्जेन्टिना र पोर्चुगल बाहिरिसकेका छन्। यसैले दुई सुपरस्टार लियोनेल मेसी र क्रिस्टियानो रोनाल्डो पनि घर फर्किसके। उनीहरू घर फर्किसकेपछि पनि यी दुईका फ्यान घटेका छैनन्। यी खेलाडीका फ्यानहरू आ-आफ्ना खेलाडीको आलोचना सुन्न चाहँदैनन। यदि यो विषयमा विवाद गरेमा वा एक अर्काको खेलाडीबारे खराब कुरा भनेमा दाम्पत्य जीवनसमेत धरापमा पर्ने एउटा घटनाले छर्लङ्ग गरेको छ।

एक श्रीमानले रोनाल्डोलाई मेसीभन्दा राम्रो फुटबलर भनेपछि आफ्नी श्रीमतीलाई डीभोर्सको नोटिस दिएका छन्। केवल ठट्टा गरिएको निहुमा रुसका आर्सेन नामका व्यक्तिले आफ्नी श्रीमतीलाई डिभोर्सको नोटिस दिएका हुन्। यो मामिला २ साताअगाडि कै थियो। जब अर्जेन्टिना र नाइजेरियाबीचको खेल भयो तब आर्सेनकी श्रीमतीले उनलाई मेसीलाई लिएर गिज्याउने गर्थिन्। मेसीले आइसल्यान्डविरुद्धको खेलमा पेनाल्टी मिस गरेको कुरालाई लिएर श्रीमतीले रोनाल्डोले मेसीभन्दा राम्रो भनिदिइन्।

श्रीमतीलाई थाहा पनि भएन यो सानो ठट्टा उनका लागि समस्या ल्याउँछ भनेर। आर्सेनले यसलाई ठूलै विवाद बनाएर श्रीमतीसँग रिसाएर राति नै घर छाडिदिएका थिए। कुरा यही नै टुंगिएन। बिहान हुने बित्तिकै उनले आफ्नी श्रीमतीको हातमा डीभोर्सको पेपर थमाइदिएका थिए।

रुसी मिडियामा दिएको अन्तर्वार्तामा आर्सेनले बताए कि, उनी र उनकी श्रीमती ल्युडमिला २००२ मा विश्वकप भएको समयमै पहिलोपटक भेटेका थिए। यहीबाट उनीहरूको प्रेम भएको र पछि बिहे गरेका थिए। उनले बताए कि उनलाई श्रीमतीले लगातार मेसीको नामबाट गिज्याइरहेकी थिइन्। यही कारण उनले १६ वर्षको दाम्पत्य जीवन छोड्ने निर्णय गरेको बताएका थिए।

### ६ र ७ को संजोग

| | | |
|---|---|---|
| FRANCE (फ्रान्स) ६ अक्षर | भर्सेस | URUGUAY (उरुग्वे) ७ अक्षर |
| BRAZIL (ब्राजिल) ६ अक्षर | भर्सेस | BELGIUM (बेल्जियम) ७ अक्षर |
| SWEDEN (स्वीडेन) ६ अक्षर | भर्सेस | ENGLAND (इंग्ल्यान्ड) ७ अक्षर |
| RUSSIA (रूस) ६ अक्षर | भर्सेस | CROATIA (क्रोएसिया) ७ अक्षर |

(खेलको मिति ६ र ७ जुलाई )